ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक १७२
१३ चैत २०७९ सोमवार
27 Mar. 2023, Monday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मिटरब्याज पीडितहरु हिंडेर ११औं दिनमा काठमाडौं पुगे



**राममणि बराल**

**चैत १२ गते, काठमाडौं**

महोत्तरीको बर्दिबासबाट मिटर ब्याजी विरुद्धको आन्दोलनमा उत्रिएका मिटर ब्याजपीडितहरू मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको चखेल हुँदै काठमाडौंको मातातीर्थ पुगेका छन् ।

शनिबार राति मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको चखेलमा बास बसेका उनीहरू चखेलबाट बिहान ८ बजे पैदल हिँडेर दिउँसो मातातीर्थ पुगेका हुन् ।चैत २ गते महोत्तरीको बर्दिबासबाट मिटरब्याजी विरुद्ध पैदल सुरु गरेका उनीहरू मिटर ब्याजीमाथि कारबाही गर्नुपर्ने लगायतका माग राख्दै पैदलयात्रामा निस्किएका हुन् ।

बर्दिबासबाट पैदलयात्रा सुरु गरेको ११औं दिनमा काठमाडौं छिरेका मिटरब्याज पीडितहरूले आफ्नो समस्याको सुनुवाइ नभएसम्म काठमाडौंबाट घर नफर्कने जनाएका छन् ।

मिटर ब्याज विरुद्धको सङ्घर्ष समिति नेपालका संयोजक मनोज पासवानले ऋण सापटी लिएकाहरू धेरैजसो घरबारविहीन भएको बताउँदै प्रधानमन्त्रीलाई आफ्ना माग सुनाउन र समस्या समाधानका लागि काठमाडौं आएको बताउनुभयो ।

उहाँले यसअघि धेरै पटक सरकार बाट आश्वासन पाएपनि मिटर ब्याजीमाथि कारबाही नभएको र आफूहरूले न्याय नपाएको भन्दै अब भने समस्या समाधान नभएसम्म घर नफर्कने बताउनुभयो ।

पदयात्रामा महोत्तरी, धनुषा, सर्लाही, सिराहा र सप्तरी जिल्लाका मिटर ब्याजपीडितहरुको सहभागिता रहेको छ । उनीहरू मकवानपुरको विभिन्न स्थानमा चार रात बसेर काठमाडौंतर्फ लागेका हुन् ।

शुक्रबार बिहान भीमफेदीबाट उकालो लाग्ने क्रममा स्थानीय प्रहरी प्रशासनले मिटर ब्याजपीडितलाई फर्काउन प्रयास गरेपनि विफल भएको थियो ।

मिटर ब्याज विरुद्धको आन्दोलनमा सहयोग गर्दै आउनुभएका अभियानकर्मी सङ्घर्ष दाहालले थप आन्दोलनका कार्यक्रमका बारेमा छलफल गरी प्रधानमन्त्रीसहित सरोकारवालाहरूलाई समस्या सुनाउन सोमबार बिहान काठमाडौंको नयाँ बानेश्वरतर्फ लाग्ने बताउनुभयो ।




## दूधेबच्चा च्यापेर सरकारसँग न्याय माग्न आएकी कल्पना भन्छिन्:मरे पनि सरकारकै काखमा मर्छु



**समृद्धा केसी**

**चैत १२ गते, काठमाडौं**

११ दिन लामो पैदल यात्रा हिँडेकी कल्पना न थाकेकी छन् न उनका पाइला नै रोकिएका छन्। ६ महिने दूधेबालक च्यापेर आएकी उनको काखले आराम खोजेको छ। अब त उनलाई मरे पनि सरकारकै काखमा गएर मर्ने मन छ।

धनुषाकी कल्पना धामीले केही वर्षअघि साहुसँग ५० हजार ऋण लिएकी थिइन्। ब्याजसहित एक लाख तिरिसकिन् तर साहुले अझै दुई लाख बाँकी छ भन्दै दिनरात मानसिक याताना दिइरहन्छ।

साहुको प्रताडन खेप्न नसकेपछि बाध्य भएर उनी दूधे बालक छोरो च्यापेर धनुषाबाट पैदलयात्रा काठमाडौं निस्किन्। उनले अरु साथीहरुसहित ११ औं दिनमा काठमाडौं टेकिन्।

कल्पनाले लिएको सावाँभन्दा ५० हजार बढी त ब्याज नै तिरिसकिन्। तर साहुले अझै दुई लाख बाँकी छ भनेर धम्क्याइरहन्छ।

साहुले दुई लाखको कागजै बनाएको उनले सुनाइन्। 'साहु मुसर यादवले महिनाको २० हजार ब्याज माग्छ', उनले भनिन् 'परिवारका सबैलाई मारिदिन्छु भन्छ। मेरो ६ महिने बच्चा पनि मारिदिने धम्की दिएको छ। पटक पटक मुख छाडेर नर म्रो गाली दिन्छ।'

सरकारले दुःख सुन्छ भनेर ११ दिनको कठिन यात्रा गर्दै काठमाडौं आएको उनले बताइन्। 'सरकारले हाम्रो पीडा सुनेन भने म त्यहीँ मर्छु, अब जे हुन्छ सरकारकै अगाडि हुन्छ', उनले दृढअठोटसहित भनिन्। जसले ११ दिन लामो मार्चपासपछि काठमाडौं टेके (फोटो फिचर)

कल्पनाको जस्तै सिरहाको लहान नगपालिका-७ का श्याम विश्वकर्माको पीडा पनि कम छैन। उनले २०७१ र ०७४ गरेर साहुसँग १० लाख ऋण लिएका थिए। सावाँ ब्याज गरेर २०७७ मै २७ लाख तिरिसक्दा पनि अझै ऋुणमुक्त भएका छैनन्।

पैसा मात्रै होइन, उनको घरबास पनि उजाडिएको छ। गत वर्ष साहुले घरमै आएर मुख छोड्दै गाली गरे। घर छोडेर नगए जे पनि हुने भन्दै धम्की दिएपछि उनले घर छाडे। उनले घर साहुको जिम्मा लगाएर परिवारका सात सदस्यसहित हिँडे।

मिटरब्याजीले उनीहरुलाई दिनुसम्म दुःख दिए। 'हामीलाई त त्यसै पनि दुःख छ। हामी सबै पीडित हौँ', उनले भने, 'गाउँमा न्याय मिलेन, अनि काठमाडौंतिर गुहार लगाउन हिँड्यौं।'

न्याय खोज्दै बर्दिबासबाट हिँडेर ११ औं दिनमा काठमाडौं टेकेका उनीहरुको पिडा सुनिसक्नु छैन।

श्यामका दाजुले पसल थाप्न २०७१ सालमा साहुसँग पाँच लाख रुपैयाँ ऋण लिएका थिए। त्यही वर्ष उनले ब्याजसहित उक्त पैसा तिरिसकेका थिए।

श्यामका दाइ बिरामी भएपछि फेरि उनै साहुसँग पाँच लाख ऋण लिए। '२०७६ मा दाइको मिर्गौलामा समस्या देखिएपछि पाँच लाख ऋण लिएका थियौं', उनले भने, 'तर साहुले तिरिसकेको पैसा पनि जोडेर धेरै रकम बनाएछ।'

'दुई वर्षअघि दाइ पनि बिते। साहुसँग सबै गरेर दश लाख ऋण लिएको थिएँ', उनले भने, 'पाँच लाख तिरेसकेको थिएँ, त्यो पहिलाको कुरा हो। दाइ र मैले गरेर १० लाख ऋणको बदला २६ लाख तिसकेका छौं।'

२०७७ सालमा साहु आएर घर खाली गर्न भन्दै धम्की दिएको उनले सुनाए।

'२०७७ सालमा साहु आएर घर खाली गर भन्दै धम्की दिए। छोर ाछोरीलाई गाली पनि गरेपछि हामी घर खाली गरेर भाडामा बसेको छौं', उनले भने 'घरबेटीलाई पनि यिनीहरुले पैसा तिर्न सक्दैनन्, किन बस्न दिएको भन्दै उकास्छन्। दुई वर्ष भयो घरभाडा तिरेको छैन। बिजुलीको पैसा तिरेरको छु। घर बेटीले हाम्रो समस्या बुझेर पैसा मागेका छैनन्।'

उनका दुईजना छोरा र दाजुका तीनजना छोरी र श्याम दम्पतीसहित परिवारका सात सदस्यलाई छाक टार्न पनि अहिले

बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# सिर्जनशील नागरिक बनाउने शिक्षा

अहिले कक्षा १० का विद्यार्थी बिहानदेखि बेलुकीसम्म भ्याइ नभ्याइ कक्षा लिइरहेका छन् । कतै भने स्कुलले एसईईको तयारीमा रहेका विद्यार्थीलाई बिदा पनि दिइसकेको छ । विद्यार्थी मात्रै होइन, विद्यार्थीसँगै अभिभावक, शिक्षक, स्कुल व्यवस्थापन पक्षसमेत अति नै व्यस्त देखिन्छन् । पढ्नका लागि भन्दै बिहान ६ बजे स्कुल पुगिसक्ने विद्यार्थीका लागि बिहानको खाजा अनि त्यसपछिको खानाको व्यवस्था गर्न स्कुल नजिक, टाढा बस्ने सबै अभिभावकले पनि त्यति नै सङ्घर्ष गर्नु परेको छ वर्षभरि । स्कुलकै क्यान्टिनमा खाजा, खाना खाने विद्यार्थीका लागि अभिभावकले महँगो शुल्क तिर्नु परेको छ । क्यान्टिन खर्च, बस भाडा, बिहानको ट्युसन शुल्क, दिउँसोको फिस, कापी, किताब, गेस पेपर, प्रश्नपत्रका सेट तथा बेलाबेलामा भइरहने परीक्षाको छुट्टै शुल्कले अभिभावकको ढाड सेकिने गरेको छ । सरकारका अनुसार कक्षा १० सम्म निःशुल्क भनिए पनि सामुदायिक स्कुलको पढाइको गुणस्तर राम्रो नहुने भन्दै अभिभावकले निजी स्कुलमा भर्ना गर्दा महँगो शुल्क तिर्नु परिरहेको छ । विद्यार्थीबाट उठ्ने शुल्ककै भरमा स्कुल चलाउनुपर्ने, शिक्षक, कर्मचारीलाई अहिलेको महँगी धान्ने तलब सुविधा दिनुपर्ने, विद्यार्थीलाई अरू स्कुलभन्दा बढी सुविधा, गुणस्तरीय शिक्षा दिन पनि निजी स्कुलले महँगो शुल्क लिनैपर्ने एक प्रकारको बाध्यता छ कतिपय निजी स्कुललाई ।

नर्सदेखि लिएर अनुशासन सिकाउने, काउन्सिलिङ टिचर, छुट्टै गेम टिचर, म्युजिक, डान्स टिचर, योग, तेक्वान्डो टिचर, लाइब्रेरियन, हस्तलेखन टिचर गरेर कोर्सका किताब पढाउनेबाहेक पनि अन्य थुप्रै शिक्षक निजी स्कुलले राखेका हुन्छन् । सकेसम्म विद्यार्थीको चौतर्फी विकासका लागि हरसम्भव प्रयास गरेको देखिन्छ कैयौँ निजी स्कुलमा । सामुदायिक स्कुललाई यस्तो बाध्यता छैन, न त यस्ता प्रतिस्पर्धामा कुनै रुचि नै छजस्तो देखिन्छ । विषय शिक्षक पाउन त विद्यार्थीलाई सकस हुन्छ । यसकारण कतिपय सामुदायिक स्कुलको एसईईको परीक्षाफल शून्य नै आउने गरेकोसमेत हामीले देख्दै आएका छौँ यद्यपि कतिपय सहरमा रहेका सामुदायिक स्कुल निजीभन्दा पनि अब्बल छन् । सबैले चाहने हो भने सामुदायिक स्कुलको गुणस्तरमा सुधार ल्याउन धेरै गाह्रो छैन ।

एसईईलाई हाउगुजी बनाइएकै कारण सामुदायिक विद्यालयमा समेत ट्युसन पढ्ने फेसन सुरु भइसकेको छ । गत वर्ष हाम्रै एक जना नातेदार अछामको दुर्गम गाउँबाट एसईईकै लागि भन्दै ट्युसन पढ्न थोरै विकसित, नगरपालिकाले सदरमुकाम बनाएको कमलबजारमा डेरा गरेर बस्न थाले । गाउँबाट एकैचोटि बजार आएर बस्दा उनलाई धेरै नौलो लाग्यो । साथीहरूको लहलहैमा घर छोडेर टाढा बसेका उनी चुरोट, गुट्काका अम्मली भए । सहरका विद्यार्थीजस्तो उनको हातमा फोन थिएन र पास हुने गरी पढ्न सके ।

# वैशाखदेखि कर्जाको ब्याजदर घट्ने, हाल कुन वाणिज्य बैंकको कर्जा सस्तो?

**खबर दर्पण समाचारदाता**

**चैत १२ गते, काठमाडौं**




बैंकर्स संघले गत माघ १ गतेदेखि लागू हुने गरी मुद्दती निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको थियो।

माघमा मुद्दतीको ब्याजदर घटाएपछि चैतदेखि लागू हुने गरी साधारण निक्षेपको ब्याजदर ०.४ प्रतिशतले घटाइयो।

निक्षेपको ब्याजदर घटाउने निर्णय भएपछि कर्जाको ब्याजदर पनि परिवर्तन हुने देखिन्छ। तर, आगामी १ वैशाखदेखि मात्रै कर्जाको ब्याजदर परिवर्तन हुने भएको छ। त्रैमासिक रूपमा आधारदरमा भएको औसत घटबढको आधारमा सोही अनुपातमा कर्जाको ब्याजदर पनि घट्ने भएकाले निक्षेपको ब्याजदर घटे पनि यसको असर तत्काल देखिनेछैन।

माघ, फागुन र चैतमा निक्षेपको ब्याजदरको आधार दर कति हुन्छ सोही अनुपातमा वैशाखमा कर्जाको ब्याजदर पनि घट्ने बैंकरहरूको भनाइ छ। बैंकहरूले निक्षेपको ब्याजदर घटाउँदा बैंकको खर्चसमेत घट्ने भएकाले आधारदर पनि घट्ने हुन्छ।

वाणिज्य बैंकहरुले मासिक रुपमा निक्षेपको ब्याजदर घटाउन र बढाउन सक्ने व्यवस्था छ। तर, कर्जाको ब्याजदर भने त्रैमासपछि मात्र घटबढ हुन्छ।

**चैत मसान्तसम्म कुन वाणिज्य बैंकको कर्जा सस्तो?**

हाल सबैभन्दा सस्तो कर्जा राष्ट्रिय वाणिज्य बैंकले उपलब्ध गराइरहेको छ।

बैंकले न्यूनतम १४.२९ देखि १६.२५ प्रतिशतसम्म ब्याजदरमा कर्जा प्रवाह गरिरहेको छ। चालू आवको माघमा बैंकको आधारदर सबैभन्दा कम ९.२९ प्रतिशत रहेको छ। माघमा बैंकको कर्जा सबैभन्दा सस्तो देखिएको छ।

त्यसैगरी दोस्रोमा स्ट्यान्डर्ड चार्टर्ड बैंकको कर्जा सस्तो देखिएको छ। चालू आवको माघ मसान्तसम्ममा स्ट्यान्डर्ड चार्टर्ड बैंकको आधार दर ९.८६ प्रतिशत छ। बैंकले आधार दरमा ५ प्रतिशत प्रिमियम थपेर कर्जा प्रवाह गरिरहेको छ।

तेसो सस्तो ब्याजदर भएको बैंक एभरेष्ट बैंक हो। बैंकको आधार दर ९.८६ प्रतिशत छ। यसमा बैंकले ५ प्रतिशत प्रिमियम जोडेर कर्जा प्रवाह गर्दै आइरहेको छ। जसकारण अन्य वाणिज्य बैंकहरुभन्दा नेपाल बैंकको कर्जा सस्तो छ।

फागुनमा बैंकर्स संघले कर्जाको लिने प्रिमियम दर घटाउने निर्णय गरेको थियो। तर, प्रिमियम दर १ प्रतिशत प्रिमियम घटाउने निर्णय कार्यान्वयन आएको छैन।

प्रिमियम दर घटाउँदा चैतमा कर्जाको ब्याजदर यसै पनि घट्ने थियो। चैतसम्म अधिकांश बैंकले ५ प्रतिशत नै प्रिमियम तोकेर कर्जा प्रवाह समेत गरिरहेका छन्।

केही बैंकहरुले ६ प्रतिशतसम्म प्रिमियम तोकेर कर्जा प्रवाह गर्दै आइरहेका छन्।

**कुन बैंकको कर्जा सबैभन्दा महँगो?**

सनराइज बैंक, सिटिजन्स बैंक, माछापुच्छ्रे, लक्ष्मी बैंक, प्राइम कमर्सियल बैंकको आधार दर ११ प्रतिशतमाथि छ।

यी वाणिज्य बैंकहरुको आधार दर उच्च हुँदा कर्जा समेत महँगो भएको हो।

सबैभन्दा महँगो कर्जा सनराइज बैंकको छ। बैंकको फागुनमा तय गरेको आधार दर ११.४९ प्रतिशत छ। सोही आधारदरमा बैंकले ५ प्रतिशत प्रिमियम तोकर कर्जा प्रवाह गर्दै आइरहेको छ।

त्यसैगरी सिटिजन्स बैंकको आधार दर ११.३९ प्रतिशत रहेको छ। बैंकले आधार दरमा ५ प्रतिशत प्रिमियम जोडेर कर्जा प्रवाह गरिरहेको छ।

लक्ष्मी बैंकले ११.२२ प्रतिशत, माछापुच्छ्रे बैंकले ११.३५ प्रतिशत, प्राइम कमर्सियल बैंकले ११.३४ प्रतिशत र प्रभु बैंकको ११.२१ प्रतिशत आधार दरमा प्रिमियम तय गरी कर्जा प्रभाव गरिरहेका छन्।

**आठ वाणिज्य बैंकको आधार दर ११ प्रतिशत थोरै**

कृषि विकास बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक, एनआईसी एसिया बैंक, ग्लोबल आइएमई बैंक, सानिमा बैंक, नबिल बैंक, हिमालयन बैंक, सिद्धार्थ बैंक र एनएमबि बैंकको आधार दर ११ प्रतिशत कम रहेको छ।

कृषि विकास बैंकको आधार दर १०.३४ प्रतिशत र नबिल बैंकको आधार दर १०.१० प्रतिशत छ। बैंकले आधार दरमा ५ प्रतिशत प्रिमियम तर गरी कर्जा प्रवाह गर्दै आइरहेको छ।

यता नेपाल इन्भेष्टमेन्टले १०.४२ प्रतिशत, एनआईसीले १०.५८ प्रतिशत, ग्लोबल आइएमईले १०.७५ प्रतिशत, सानिमा बैंकले १०.७६ प्रतिशत, हिमालयन बैंकले १०.९१ प्रतिशत, सिद्धार्थ बैंकले १०.७४ प्रतिशत र एनएमबि बैंकले १०.६३ प्रतिशतमा प्रिमियम जोडेर कर्जा प्रवाह गरिरहेका छन्।

**कर्जाको प्रिमियम यति नै लिनुपर्छ भन्ने छैन : गुणाकर भट्ट**

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्ट आधार दरमा एक पटक तोकिएको प्रिमियम परिवर्तन गर्न नपाउने बताउँछन्।

उनका अनुसार ओभरडाफ्ट र चालू पुँजी कर्जा जस्ता अल्पकालीन पुनः नयाँ बनाउँदा बैंकहरुले प्रिमियम थप्ने सक्छन्। तर, यसअघि लिएको कर्जाको प्रिमियम परिवर्तन गर्न नपाउने व्यवस्था छ।

‘कसैले पाँच वर्षको घर कर्जा लिएको छ त्यसको प्रिमियम पहिले नै ५ प्रतिशत तोकेको छ भने पुन प्रिमियम थप्न भने पाइँदैन’, उनले भने, ‘नयाँ कर्जामा कति प्रिमियम लिने त्यो बैंकहरुले नै तय गर्छन्।’ तर, पछिल्लो समय बैंकहरुले अधिकतम प्रिमियम ५ प्रतिशत लिन लिइरहेको भट्टले बताए।

उनका अनुसार बैंकहरुले स्प्रेडदर भने चैतमा ४.२ र असार मसान्तदेखि ४ प्रतिशतमा झार्नुपर्नेछ।

**‘विस्तारै कर्जाको ब्याजदर घटाउनुपर्छ’**

यता नबिल बैंकका डेपुटी सीईओ मनोज ज्ञवालीले विस्तारै बैंकको ब्याजदर घटाउँदै जानुपर्ने बताएका छन्।

‘बैंकहरुले लिने कर्जाको प्रिमियममा कुनै सीमा निर्धारण गरिएको छैन’, उनले भने, ‘तर, स्प्रडेदरमा सीमा निर्धारण गरिएको छ। चैतमा स्प्रेड ४.२ र असारमा ४ प्रतिशतमा ल्याउनुपर्नेछ।’

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सुकुम्बासीलाई जग्गाधनीको स्वामित्व प्रदान गर्न जग्गाको नापजाँच



**विजय साह**

**चैत १२ गते, ढल्केवर**

धनुषाको गणेशमान चारनाथ नगरपालिकाले दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई जग्गाधनी लालपुर्जा वितरण गर्न जग्गा नापजाँचपको काम सुरु गरेको छ ।

नगरपालिकाले भूमि आयोग जिल्ला समिति धनुषा र नापी कार्यालय धनुषाको समन्वयमा जग्गाधनी लालपुर्जा वितरण गर्नका लागि जग्गा नापजाँच सुरु गरेको हो ।

गणेशमान चारनाथ नगरपालिकाका नगरप्रमुख तेजनारायण यादवले अव्यवस्थित बसोवास व्यवस्थापन तथा सार्वजनिक जग्गा संरक्षणका लागि जग्गा नापजाँचको काम बिहीबारबाट सुरु गरिएको बताउनुभयो । उहाँले जग्गा नापजाँचको कार्यले पाँच दशक अघिदेखिको जग्गा सम्बन्धी समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

गैर सुकुम्बासीलाई जग्गा नदिइने बताउँदै नगरप्रमुख यादवले भन्नुभयो, वास्तविक सुकुम्बासीलाई जग्गाको मालिक बनाउछौं । कार्यविधिअनुसार नै सबै काम अगाडि बढाइएको छ । जसको अधिकार क्षेत्रभित्र जग्गा छ त्यसैले पाउँछ ।

नगरपालिकाको भूमि आयोग सेवा केन्द्रका प्रमुख रामईश्वर यादवले यस नगरपालिकामा तीन हजार छ सयको हाराहारीमा दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासी रहेको बताउनुभयो । उहाँले जग्गा नापजाँच गर्नुअघि दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन गरी कम्प्युटर प्रविष्ट गरिएको जानकारी दिनुभयो ।

यस नगरपालिकाको वडा नं. १ तिनतलेबाट जग्गा नापजाँचको काम सुरु गरिएको बताउँदै केन्द्रका प्रमुख यादवले वडामा सात सय ३१ जना दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासी रहेको बताउनुभयो ।

जग्गा नापजाँचका लागि मेरो नेतृत्वमा छ जना प्राविधिक खटिएको छ । थप अमिन तथा प्राविधिक खटाउन पहल भइरहेको बताउँदै उहाँले नापजाँचको काममा स्थानीयले सहयोग पुर्‍याइरहेको भन्नुभयो ।

भूमि आयोग जिल्ला समिति धनुषाका अध्यक्ष सुरेशकुमार कार्कीले जग्गासँग जनताको आवश्यकता र हक जोडिएकाले कुनै त्रुटि नगरी सबैले जग्गाको स्वामित्व पाउने गरी जग्गा नापजाँच गरेर जग्गाधनी पुर्जा वितरण गरिने बताउनुभयो । हाम्रो तर्फबाट सक्दो सहयोग गरिरहेको बताउँदै उहाँले लालपुर्जा पाइसकेपछि सुकुम्बासी तथा अव्यवस्थितवासी वास्तविकरुपमा जग्गाको मालिक बन्ने जानकारी दिनुभयो ।

नगरपालिकाले भूमिहिन, दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गाको मालिक बनाउन जग्गा नापजाँच सुरु गर ेपछि स्थानीयवासी खुशी देखिएका छन् । तिनतलेका खिलविक्रम ढुङ्गेलले घर बसोवास तथा भोगचलन गर्न थालेको ६० वर्षपछि यहाँ लालपुर्जा वितरण गर्नका लागि जग्गा नापजाँच भइरहेकाले निकै खुशी लागेको बताउनुभयो ।

तीन पुस्तादेखि भोग चलन गर्दै आएको भएपनि जग्गाको स्वामित्व पाउन नसकेको बताउँदै जग्गा नापजाँच भइरहेकाले अब जग्गाको मालिक बन्ने कुरामा विश्वस्त रहेकाले यहाँका दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीमा खुसियाली छाएको भन्नुभयो ।

# संगठन सुदृढीकरणका लागि कांग्रेसको पदयात्रा, कार्यकर्तामा उर्जा थपिँदै




**खबर दर्पण समाचारदाता**

**चैत १२ गते, महोत्तरी**

नेपाली कांग्रेस महोत्तरीले पदयात्रा सुरु गरेको छ । शनिबारदेखि संगठन सुदृढीकरणका लागि 'नेपाली कांग्रेसको सहयात्रा जनजनको लागि पदयात्रा' अभियान सुरु गरेको छ ।

नेपाली काग्रेसका महोत्तरी सभापति नागेश्वर यादवको नेतृत्वमा ५० जना नेताहरु जिल्लाको १५ स्थानीय तहको एक सय ३२ गाउँटोल जाने योजना सहित खयरमाराबाट पदयात्रा सुरु गरेका छन् । संगठन सुदृढीकरणका लागि शनिबार देखि सुरु भएको पद यात्रा १५ दिन सम्म चल्ने सभापति यादवले बताए ।

खरमारमा पदयात्रीहरुलाई पार्टीका नेता कार्यकर्ताहरुले फूलमाला लगाएर बिदाइ गरेका छन् । नेपाली कांग्रेसका नेता बजरंग नेपालीले पार्टीका नेता कार्यकर्तामा उर्जा बढाउन, समन्वय-सहकार्य गरी नेता कार्यकर्ता तथा जनता बीच आत्मीयताका लागि पद यात्रा सुरु गरेको बताए । जिल्लाको १५ स्थानीय तहमा पुग्ने मार्ग र दिन निर्धारण गरी चैत्र ११ गते देखि सुरु भएको पद यात्रा २५ गते जलेश्वर पुगेर टुंगिने छ ।

'पद यात्रामा सहभागी नेताहरुलाई हरेक वडाका नेताहरुले आफ्नो वडामा संगै यात्रा गर्ने छन्,'उनले भने । मधेशमा बढदै गएको गर्मीलाई मध्यनजर गर्दै जिल्ला तहको पद यात्रा पछि निर्वाचन क्षेत्र, प्रदेश निर्वाचन क्षेत्र, स्थानीय तह र वडा तहसम्मका छुट्टाछुट्टै पदयात्रा गर्ने तयारी छ । महोत्तरीमा कांग्रेसको संगठनलाई सक्रिय बनाउने योजना रहेको नेपालीले बताए ।

पदयात्रामा सहभागी नेता कार्यकर्तालाई शुभकामना दिंदै नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले महोत्तरीको अभियानले राजनीतिमा बढेको वैमनश्यता हटाएर कांग्रेसले कांग्रेसलाई र जनतासंग जोडने बताए । 'पदयात्राले राजनीतिमा कांग्रेस र कांग्रेसले नै मुलुक बनाउने सन्देश दिएको छ,'उनले भने,'खैर मारा देखि जलेश्वर सम्म पैदल यात्राको क्रममा संगै बस्ने, खाने र संगै रात बिताउँदा आपसी सदभाव बढाउने छ ।' फरक फरक ठाउका नेताहरुको १५ दिन सम्म संगैको बसाईले पार्टी भित्रको द्वन्द्व समेत अन्त्य हुने विश्वास गरिएको छ । यात्राले एकले अर्कालाई नजिक बाट बुझ्ने र पार्टीको गतिविधि बढाउन सहयोग पुग्ने छ ।

महोतरीबाट सुरु भएको पद यात्रा मधेश प्रदेशको आठ वटै जिल्लामा सुरु गरी कांग्रेसको गाउ तहको संगठन सक्रिय बनाउने यादवले बताए । महोतरीको पदयात्रा पछि सप्तरीको कोशी देखि पर्साको ठोरी सम्मको पदयात्राको तयारी गरिने यादवले बताए । पदयात्रा आरम्भ कार्यक्रममा प्रदेश सांसदहरु शेषनरायण यादव, संजय महतो, कुमरकान्त झा, लोहार पट्टीका मेयर शैलेन्द्र यादव, मिथिला नगरपालिकाका मेयर महेन्द्र महतो लगायत धनुषा महोतरीका नेता तथा कार्यकर्ता सहभागी भएका थिए ।

## दूधेबच्चा च्यापेर सरकारसँग न्याय माग्न आएकी...

धौ धौ छ। '१४ वर्षको छोरो होटेलमा गएर काम गर्छ। स्थिति कमजोर भएर पढाउन सकिन', यति भनेपछि उनी भक्कानिए।

मिटरब्याजी साहुको आतंकले बजारमा धेरैले काम दिन पनि छोडिसकेका उनले सुनाए।

'अहिले हामी सडकमा छौँ। तनावले श्रीमतीलाई प्रेसरले हानेर प्यारालाइसिस भएको छ। सबैको बिचल्ली छ', उनले भने, 'सरकारले न्याय दिनुपर्छ। बाध्य भएर आन्दोलन गरेका छौँ। हामी भोक र पिरले मरिरहेका छौँ। अब सरकारकै अगाडि गएर मर्छौं भनेर आएका हौँ।'

सरकारले पिडीतलाई केही न केही राहत दिने आशमा काठमाडौं आएको उनले बताए।

मिटरब्याजीलाई प्रमुख जिल्ला अधिकारी र प्रहरी सबैले जोगाइरहेको उनको आरोप छ।

'भित्रभित्र उनीहरु मिलिरहेका छन्', उनले भने, 'माथिबाट कारबाही गर भनेर आदेश नआएसम्म हामी गर्न सक्दैनौं भन्छ।'

मिटरब्याजीविरुद्ध प्रधानमन्त्रीलाई आवाज सुनाउन बर्दिबासबाट मार्च सुरु गरेका पीडितहरु आइतबार काठमाडौं आइसकेका छन्।

बर्दिबासदेखि पैदलयात्रा सुरु गरेका ८५ जना पीडित ११ औं दिनमा आइतबार दिउँसो मातातीर्थको कुण्डनजिकै रहेको पौवामा बसेर काठमाडौं छिरेका हुन्।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**

## बिमालेख हरायो

घरबाट बजार तर्फ जाने क्रममा मेरो तपसील बमोजिमको बिमालेख हराएको हुँदा नजिकै को प्रहरी कार्यालयमा बुझाई वा मेरो मोबाइल नं. ९८२५८६६७६० मा फोन गरी सहयोग गरिदिनुहुन अनुरोध छ।

तपसील

नाम : सुरेश चौधरी

एशियन लाईफ इन्सुरेन्स कम्पनी लि.

बिमा लेख नं. ८२२१०००१४०१

मोबाइल नं. ९८२५८६६७६०

## बिमालेख हरायो

घरबाट बजार तर्फ जाने क्रममा मेरो तपसील बमोजिमको बिमालेख हराएको हुँदा नजिकै को प्रहरी कार्यालयमा बुझाई वा मेरो मोबाइल नं. ९८१७८०५०९८ मा फोन गरी सहयोग गरिदिनुहुन अनुरोध छ।

तपसील

नाम : अनिस गौतम खत्री

एशियन लाईफ इन्सुरेन्स कम्पनी लि.

बिमा लेख नं. ६६२०००२२०२१

मोबाइल नं. ९८१७८०५०९८

## बिमालेख हरायो

घरबाट बजार तर्फ जाने क्रममा मेरो तपसील बमोजिमको बिमालेख हराएको हुँदा नजिकै को प्रहरी कार्यालयमा बुझाई वा मेरो मोबाइल नं. ९८४४०९२१५० मा फोन गरी सहयोग गरिदिनुहुन अनुरोध छ।

तपसील

नाम : रीयाना रायमाझी

एशियन लाईफ इन्सुरेन्स कम्पनी लि.

बिमा लेख नं. ६६२१००२२९१२

मोबाइल नं. ९८१७८०५०९८

# चैते छठ अन्तर्गत खरना विधि सम्पन्न, आज सन्ध्याकालीन अर्घ



**अजयकुमार झा**

**चैत १२ गते, जनकपुर**
तराई मधेशसहित मिथिलाञ्चल क्षेत्रमा अत्यन्तै नियम निष्ठापूर्वक मनाइने चैते छठको दोस्रो दिन शुक्लपक्ष पञ्चमीका दिन खरना विधि सम्पन्न भएको

व्रतीहरू बिहान घर नजिकको नदी, तलाउ एवं सरोवरमा स्नान गरी दिनभरि उपवास बसेर साँझ आफैँले पकाएको गुणको खीर तथा पुरी छठीमैयालाई अर्पण गरेर प्रसादको रुपमा वितरण गर्छन् र आफै पनि नुनरहित खरना खाने गर्दछन् ।

आज राति खरना गरेर व्रतीहरू ४८ घण्टाको उपवासमा बस्ने गर्दछन् ।

भोलि अर्थात् षष्ठी तिथिका दिन साँझ अस्ताउँदो सूर्यलाई प्रथम अर्घ र सप्तमी तिथिका दिन उदाउँदो सूर्यलाई दोस्रो अर्घ दिएपछि पर्वको समापन हुनेछ ।

सप्तमी तिथिका दिन दोस्रो पटकको अर्घ दिएपछि पर्वको समापन गरिन्छ र सोही दिन ४८ घण्टाको कठोर व्रतपछि परना अर्थात् नुन सहितको खाना व्रतीहरूले खाने गर्दछन् । यस पर्वमा सूर्यको दुवै स्वरूपको पूजा आराधना गर्ने चलन छ ।

चैते छठमा पनि प्रसादको रुपमा ठेकुवा, भूसवा, केला, नरिवल, उखु, अदुवा, स्याउ, सुन्तला सहितका प्रसाद सामाग्रीहरू टपरी, डगरी, सुपली, छैटी, कोशीया, कुरुवार सहितको भाडामा राखेर भगवान् सूर्यलाई अर्पण गर्ने चलन छ ।

# प्राकृति स्रोत तथा जैविक विविधताको संरक्षणमा सरोकारवाला निकायबीच समन्वय आवश्यक



**खबर दर्पण समाचारदाता**

**चैत १२ गते, ढल्केवर**
उपलब्ध प्राकृति स्रोत तथा जैविक विविधताको सही सदुपयोग गर्न तीनै तहका सरकार र सरोकारवाला निकायबीच समन्वय हुनु आवश्यक रहेको चर्चा गरिएको छ ।

अन्तराष्ट्रिय जल व्यवस्थान संस्थाको आयोजना र फेकोफनको सह आयोजनामा धनुषाको ढल्केवरमा आइतबार आयोजित जल, उर्जा, खाद्य एकोसिस्टम ( वन जैविक विविधता) अर्न्तसम्बन्ध सम्बन्धी मधेश प्रदेशस्तरीय संवाद कार्यक्रममा यस्तो चर्चा गरिएको हो ।

कार्यक्रममा सहभागी प्रदेश सभासदस्य हरिनारायण महतोले नेपालमा जैविक विविधताको संरक्षण गरी वातावरण विकास गर्नु अति आवश्यक भएको बताए ।

नेपालको प्राकृतिक स्रोतमध्ये जल, जमिन र जङ्गग क्षेत्र प्रत्यक्षरुपमा नेपालीको जिविकोपार्जनसँग जोडिएको महत्वपूर्ण विषय भएकाले भूपरिधिस्तरमा सुधार सहित दिगो व्यवस्थापनमार्फत आय र राजेगारी वृद्धि गरी मुलुकको समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको जानकारी दिए ।

प्रदेश वन निर्देशनालयका अधिकृत सुरेश शर्माले नेपालमा जैविक विविधतालाई संरक्षण गरी वातावरणको विकास गर्नु अति आवश्यक भएको बताए । यसका लागि निम्न कार्यहरु गर्नु आवश्यक रहेको बताउँदै उनले वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यमा तीनै तहका सरकार, वन समूह र निजी क्षेत्रलगायत सरोकारबाला निकायबीच प्रभावकारी समन्वय गरी सहकार्यको वातावरण निर्माण गर्नु पर्ने जानकारी दिए ।

वन, वन्यजन्तुलगायत जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापनका कार्य तथा मुलुकको भौतिक एवं आर्थिक विकासबीच उत्पन्न द्वन्द्व व्यवस्थापन गर्न प्रभावकारी कार्यान्वयन आवश्यक रहेकाले यसका महत्वपूर्ण सन्देशलाई जनस्तरसम्म पुऱ्याउन सके प्राकृति दोहन कम गर्न सकिने अधिकृत शर्माको कथन थियो ।

कार्यक्रमका अधिकांश सहभागीले नेपालमा संघीय संरचनाअनुसार तीनै तहको सरकार भएपनि जनताको प्रत्यक्ष सम्पर्क रहेका वडा जनप्रतिलाई धेरै हकमा अधिकार विहिन बनाइएकाले महत्वपूर्ण कार्यान्वय पक्ष फितलो भएको र जसले गर्दा आम जनतासँग सरोकार हुने कार्यक्रम उपलब्धिमुलक हुन नसकेको चर्चा गरेको थियो ।

कार्यक्रममा अन्तराष्ट्रिय जल व्यवस्थापन संस्थाका शिशिर श्रेष्ठ र लबिशा उप्रेति जल, उर्जा, खाद्य, एकोसिस्टम (वन, जैविक विविधा) अर्न्तसम्बन्धको विषयमा प्रस्तुती देखाउनु भएको थियो भने फेकोफनका ठाकुर भण्डारी, सीता अर्याल र सामुदायिक वन उपभोक्ता महासंघ मधेश प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माले आफ्ना महत्वपूर्ण भनाइ राखेका थिए ।

# जिल्ला प्रशासन कार्यालय धनुषामा राष्ट्रिय परिचयपत्र बनाउनेको भिड



**खबर दर्पण समाचारदाता**

**चैत १२ गते, जनकपुर**
विगत केही दिनदेखि जिल्ला प्रशासन कार्यालय धनुषामा राष्ट्रिय परिचयपत्र बनाउनेको अत्यधिक मात्रामा भिड बढेर गएको छ ।

अन्य पालिकामा राष्ट्रिय परिचयपत्र खिच्नका प्रयोग भइरहेका सामाग्री बिग्रेका कारण जिल्ला प्रशासन कार्यालय धनुषामा भिड बढेको बताइएको छ ।

राष्ट्रिय परिचय पत्र बनाएपछि मात्र राहदानी बन्ने भएका कारण परिचयपत्र बनाउन ठूलो सङ्ख्यामा सेवाग्राही पुग्ने गरेको छ। अधिकृत संगम सहितको अन्य ठाउँबाट परिचयपत्रको विवरण भरेर परिचयपत्र बनाउने शाखामा दिएपछि परिचयपत्र बन्ने गरेको छ ।

राष्ट्रिय परिचयपत्र शाखाले सेवाग्राहीको आँखाको रेटिना, पाँचै औँलाको छाप, फोटो सहितको विवरण लिएर बाहिरको यकिन गरेर परिचयपत्रको नम्बर दिने गर्दछन् । त्यसकै आधारमा परिचयपत्र राहदानी बन्ने गरेको छ ।

# सिके राउतको उपेन□ यादवप्रति कटाक्षः ३/४ महिना पनि मन्त्रीबिना बाँच्नै नसक्ने

**जनकपुरधाम-** जनमत पार्टीका अध्यक्ष समेत रहेका सांसद सीके राउतले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवप्रति कटाक्ष गरेका छन् ।

आइतबार बसेको प्रतिनिधि सभा बैठकमा भाग लिँदै राउतले उपेन्द्रलाई ३/४ महिना पनि मन्त्रीबिना बाँच्नै नसक्ने भनेर कटाक्ष गरे ।

बारा २ उपनिर्वाचनको प्रसङ्ग जोड्दै राउतले उपेन्द्रलाई ल्याउनै निम्ति बारा २ मा वैशाख १० मै उपनिर्वाचन तोकिएको बताए । 'बारा २ मा सांसद पद खाली भएको सूचना संसद्मा गएको छैन । उता निर्वाचन आयोगले तुरुन्तै निर्वाचनको कार्यक्रम वैशाख १० मै घोषणा गरिसकेको छ, यही रफ्तारमा अरु काम पनि धेरै भइदियो भने त राम्रो हुन्थ्यो,' उनले भने ।

उनले थपे, 'कोही ३/४ महिना मन्त्रीबिना बाँच्नै नसक्ने भयो भन्दैमा निर्वाचन आयोगले १०/२० दिनको समय राखेर निर्वाचन गराउन मिल्दैन ।' तनहुँ र चितवनसँगै बारा २ मा पनि वैशाख १० मै निर्वाचन हुँदैछ । त्यहाँ गठबन्धनको तर्फबाट उपेन्द्र उम्मेदवार बन्ने चर्चा छ । जनमतसहितका अन्य मधेशकेन्द्रित दलहरू भने उपेन्द्रलाई रोक्न मोर्चाबन्दी भएका छन् । जसपाबाटै छुट्टिएको लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) ले छुट्टै उम्मेदवारी दर्ता गर्ने निर्णय नै गरिसकेको छ ।

गत मंसिर ४ मा भएको निर्वाचनमा त्यहाँबाट जसपाकै रामसहाय प्रसाद यादव निर्वाचित भएका थिए । उनी अहिले उपराष्ट्रपति निर्वाचित भएका छन् ।

बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
औरही नगरपालिका कार्यालय
महोत्तरी

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा